# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, फागुन ६ गते, २०७५ साल (संख्या ५४

## भाग ३

**नेपाल सरकार**

**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको**

**सूचना**

**प्राइभेट फर्म रजिष्ट्रेशन (एघारौं संशोधन) नियमावली, २०७४**

प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम “प्राइभेट फर्म रजिष्ट्रेशन (एघारौं संशोधन) नियमावली, २०७४” रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ को नियम ४ मा संशोधनः** प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ (यसपछि

"मूल नियमावली" भनिएको) को नियम ४ मा देहायको प्रतिबन्धात्मक बाक्यांश थपिएको छ :-

"तर महिला, दलित समुदाय र विपन्न बर्गका व्यक्तिलाई एक करोड रुपैयाँसम्म पूँजी भएको प्राइभेट फर्म रजिष्ट्रेशन गर्न एकसय रुपैयाँ दस्तुर लाग्नेछ र एक करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म पूँजी भएको प्राइभेट फर्म रजिष्ट्रेशन गर्न यस नियम बमोजिम लाग्ने दस्तुरमा पचास प्रतिशत छुट हुनेछ।"

३. **<u>मूल नियमावलीको नियम ५ मा संशोधनः</u>** मूल नियमावलीको नियम ५ मा देहायको प्रतिबन्धात्मक बाक्यांश थपिएको छ :-

"तर दलित समुदाय र विपन्न बर्गको हकमा नेपाल सरकारको सम्बन्धित निकायबाट जारी गरिएको दलित समुदाय वा विपन्न वर्ग पहिचान हुने प्रमाणपत्रको प्रतिलिपि समेत पेश गरेको हुनु पर्नेछ।"

**आज्ञाले,**
**केदार बहादुर अधिकारी**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३